# तुर्माखाँद राजपत्र

तुर्माखाँद गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८ संख्या ४ मिति २०८१ असार १७ गते


## भाग १

### तुर्माखाँद गाउँपालिकाको सूचना

तल उल्लिखित ऐन सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ (५) तथा यस गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७५ को दफा ९ (२) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

**सम्बत् २०८१ को ऐन नं.४**

## तुर्माखाँद गाउँपालिका पुनर्स्थापना केन्द्र तथा सेवा केन्द्रको स्थापना तथा सञ्चालन र पुनर्स्थापना तथा सेवा कोष सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८१

**प्रस्तावना**: मानव बेचविखनबाट पीडित व्यक्तिहरुका लागि पुनर्स्थापना केन्द्र र घरेलु हिंसाबाट पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्थाकालागि सेवा केन्द्रको स्थापना,व्यवस्थापन तथा संचालनका निमित्त तुर्माखाँद गाउँपालिकाले पुनर्स्थापना तथा सेवा कोषको स्थापना गर्न वाञ्छनीय भएकाले,
तुर्माखाँद गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** १) यस ऐनको नाम“पुनर्स्थापना तथा सेवा कोष ऐन, २०८१” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) “कोष“भन्नाले दफा ९ बमोजिमको पुनर्स्थापना तथा सेवा कोष सम्झनु पर्छ ।

(ख) “पुनर्स्थापना केन्द्र“भन्नाले मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १३ को उपदफा (१क) र (१ख) बमोजिमको पुनर्स्थापना केन्द्र सम्झनु पर्छ ।

(ग) “शाखा“ भन्नाले तुर्माखाँद गाउँपालिकाको महिला सम्बन्धी मामिला हेर्ने शाखालाई सम्झनु पर्छ ।

(घ) “समिति“भन्नाले पुनर्स्थापना तथा सेवा कोष संचालक समिति सम्झनु पर्छ ।

तुर्माखाँद गाउँपालिका

(ङ) “सेवा केन्द्र“भन्नाले घरेलु हिंसा (कसुर र सजाय) सम्बन्धी ऐन, २०६६ को दफा ११ को उपदफा (१क) र (१ख) बमोजिमको सेवा केन्द्र सम्झनु पर्छ ।

**परिच्छेद- २**

**पुनर्स्थापना केन्द्र र सेवा केन्द्र सम्बन्धी व्यवस्था**

**३. पुनर्स्थापना केन्द्र र सेवाकेन्द्र स्थापना गर्न सक्ने:**

(१) मानव बेचविखन तथा ओसारपसार ( नियन्त्रण) ऐन, २०६४ को दफा १३ को उपदफा (१क) बमोजिम तुर्माखाँद गाउँपालिकाले पुनर्स्थापना केन्द्र स्थापना गर्न सक्नेछ ।

(२) घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ११ को उपदफा (१क) बमोजिम तुर्माखाँद गाउँपालिकाले सेवा केन्द्रको स्थापना गर्न सक्नेछ ।

(३) कुनै संस्थाले तुर्माखाँद गाउँपालिकाको स्वीकृतीलिई पुनर्स्थापनावासेवा केन्द्र स्थापना गरी संचालन गर्न सक्नेछ।

(४) पुनर्स्थापनाकेन्द्र र सेवा केन्द्रको स्थापना र स्वीकृती सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) दफा ३ को उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएको भएता पनि आर्थिक, मानविय र भौतिक श्रोत साधनका कारण गाउँपालिकाले एउटै पुनर्स्थापना केन्द्र र सेवा केन्द्र स्थापना गरी संचालन गर्न सक्नेछ ।

४. **पुनर्स्थापनाकेन्द्र र सेवाकेन्द्र प्राप्त गर्न सक्नेः**

(१) मानव बेचविखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १३को उपदफा ( १ख) बमोजिम नेपाल सरकारले हस्तान्तरण गरेका पुनर्स्थापना केन्द्र तुर्माखाँद गाउँपालिकाले प्राप्त गर्न सक्नेछ।

(२) घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ११ को उपदफा (१ख) बमोजिम नेपाल सरकारले हस्तान्तरण गरेका सेवा केन्द्र तुर्माखाँद गाउँपालिकाले प्राप्त गर्न सक्नेछ।

**५. पुनर्स्थापना केन्द्र र सेवा केन्द्रको व्यवस्थापन र संचालनः**

(१) दफा ३ बमोजिम स्थापना भएका पुनर्स्थापना केन्द्र र सेवा केन्द्रको व्यवस्थापन र संचालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) दफा ४ बमोजिम प्राप्त भएका पुनर्स्थापना केन्द्र रसेवा केन्द्रको व्यवस्थापन र संचालन तुर्माखाँद गाउँपालिकाले निर्धारण गरे बमोजिमहुनेछ।

**६. पुनर्स्थापना केन्द्रको काम, कर्तव्य र अधिकारः**

(१) मानव बेचविखन तथा ओसारपसार ( नियन्त्रण) ऐन, २०६४ मा उल्लेख भएकाकाम, कर्तव्य र अधिकारका अतिरिक्त पुनर्स्थापना केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।:

(क) पीडितलाई शारीरिक र मानसिक उपचार गराउने,

(ख) पीडितको सामाजिक रुपमापुनर्स्थापना गर्ने,

(ग) पीडितलाई पारिवारिक पुनर्मिलन गराउने,

(घ) आवश्यकता अनुसार पीडितलाई औषधि उपचार र परामर्श सेवा तथा सुविधाको व्यवस्था गर्ने,

(ङ) पीडितको इच्छा विपरीत कुनै काममा लगाउन नहुने,
(च) पीडितकोलागि सिपमूलक तालिम र रोजगारीको व्यवस्था गर्ने ।
*स्पष्टीकरण: यस उपदफाको प्रयोजनको लागि "पीडित"*



तुर्माखाँद गाउँपालिका

*भन्नाले मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ मा परिभाषा गरिएको पीडित सम्झनु पर्छ।*

(२) पुनर्स्थापना केन्द्रको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**७. सेवा केन्द्रको काम, कर्तव्य र अधिकारः** (१) घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ मा उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहायब मोजिम हुनेछ।:

(क) पीडितलाई तत्काल सुरक्षाप्रदान गर्ने,

(ख) पीडितलाई उपचारको व्यवस्था गर्ने,

(ग) पीडितलाई घरपरिवारबाट अलग्गै बस्ने व्यवस्था गर्ने,

(घ) पीडितलाई आवश्यकता अनुसार कानूनी सहायता, मनोविमर्श सेवा, मनोवैज्ञानिक सेवा र आर्थिक सहायता उपलब्ध गराउने ।

(ङ) पीडितलाई आत्मनिर्भर बनाउन स्वरोजगार सम्बन्धी तालिम दिने,

(च) पारिवारिक पुनर्मिलन र पुनर्स्थापनाको लागि पहल गर्ने,

*स्पष्टीकरण: यस उपदफाको प्रयोजनको लागि "पीडित" भन्नाले घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ मा परिभाषा गरिएको पीडित सम्झनुपर्छ ।*

(२) सेवा केन्द्रको अन्यकाम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**८. पुनर्स्थापना केन्द्र र सेवा केन्द्रहरुको अनुगमनः**
(१) तुर्माखाँद गाउँपालिकाले स्थापना गरेका वा प्राप्त गरी संचालन गरेका पुनर्स्थापना केन्द्र र सेवा केन्द्रको अनुगमन मन्त्रालयले गर्नेछ ।

(२) पुनर्स्थापना केन्द्र र सेवा केन्द्रको व्यवस्थापन, संचालन मापदण्ड र अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## पुनर्स्थापना तथा सेवाकोष सम्बन्धी व्यवस्था

**९. पुनर्स्थापना तथा सेवाकोषको स्थापनाः** (१) यो ऐनको उद्देश्य पूरा गर्न तुर्माखाँद गाउँपालिकाले एक पुनर्स्थापना तथा सेवा कोष स्थापना गर्नेछ ।

(२) उपदफा(१) बमोजिमको कोषले दफा ३ र ४ बमोजिमको पुनर्स्थापना केन्द्र र सेवा केन्द्रलाई आर्थिक तथा अन्य सहयोग उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिम सहयोग उपलब्ध गराउने मापदण्ड, आधार र कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१०. पुनर्स्थापना तथा सेवा कोषमा रहने रकमः**

(१) पुनर्स्थापना तथा सेवा कोषमा देहाय बमोजिमका रकम रहनेछन् :

(क) तुर्माखाँद गाउँपालिकाबाट प्राप्त रकम,

(ख) नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) कुनै स्वदेशी वा विदेशी संघ संस्थावा व्यक्तिबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) सेवा तथा पुनर्स्थापना कोषको व्यवस्थापन र संचालन तोकिए बमोजिम हुनेछ ।



तुर्माखाँद गाउँपालिका

**११. पुनर्स्थापना तथा सेवा कोष संचालक समितिः**
पुनर्स्थापना तथा सेवाकोष देहायब मोजिमको समितिबाट संचालन हुनेछः

(क) गाउँपालिका अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष

(ग) वडा अध्यक्षहरु मध्येबाट अध्यक्षले ताकेको ३ जना

(घ) कार्यपालिका सदस्यहरु मध्येबाट अध्यक्षले ताकेको ३ जना सदस्य

(ङ) प्रमुख प्रशासकिय अधिकृत सदस्य-सचिव

**१२. समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कोषलाई प्राप्त हुने रकम कोषको बैंक खातामा जम्मा गर्ने, गर्न लगाउने,

(ख) कोषको खाताबाट सेवा केन्द्र र पुनर्स्थापना केन्द्रहरुलाई

आर्थिक तथा अन्य सहयोग उपलब्ध गराउने,

(ग) कोषको व्यवस्थापन र संचालन सम्बन्धमा आवश्यक निर्णय गर्ने,

(घ) कोषलाई दिगो र भरपर्दो स्रोतको रुपमा परिचालन गर्न आवश्यक निर्णय गर्ने ।

(२) यस ऐनमा लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१३. बैठक सम्बन्धी व्यवस्थाः**

समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(क) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ख) समितिमा तत्काल कायम रहेका कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(ग) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(घ) समितिको बैठकले गरेको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(ङ) समितिको बैठक कम्तीमा वर्षको २ पटक बस्नेछ ।
(च) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि

समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद- ३

## विविध

**१४. पुनर्स्थापना तथा सेवा कोषको लेखा र लेखापरीक्षणः**

(१) पुनर्स्थापना तथा सेवा कोषको आयव्ययको लेखा तुर्माखाँद गाउँपालिकाले तोकेको ढाँचामा राखिनेछ ।

(२) पुनर्स्थापना तथा सेवा कोषको अन्तिम लेखा परिक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१५. मानव बेचबिखन विरुद्धको तुर्माखाँद गाउँपालिका स्तरिय समितिको गठनः**

(१) मानव बेचबिखन तथा ओसार पसार विरुद्धको क्षेत्रमा हुने कामको समन्वय र सयोजन गर्न एक मानव बेचबिखन विरुद्धको तुर्माखाँद गाउँपालिका समितिको गठन गरिनेछ । यस समितिमा देहायका अध्यक्ष र सदस्य रहनेछन्:

(क) गाउँपालिका उपाध्यक्ष - अध्यक्ष
(ख) इलाका प्रशासन कार्यलयको प्रमुख - सदस्य
(ग) इलाका प्रहरी कार्यालयको प्रमुख - सदस्य
(घ) मानव बेचबिखन तथा ओसार पसार विरुद्धको क्षेत्रमा गाउँपालिकामा कार्यरत व्यक्ति वा संस्थाहरू मध्येबाट समावेशी सिद्धान्तका आधारमा गाउँपालिका अध्यक्ष द्वारा मनोनीत तीन जना महिला - सदस्य
(ङ) प्रतिनिधि, नेपाल पत्रकार महासंघ जिल्ला कार्य समिति - सदस्य
(च) तुर्माखाँद गाउँपालिकाको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा शाखा प्रमुख- सदस्य-सचिव

(२) मानव बेचबिखन विरुद्धको तुर्माखाँद गाउँपालिका स्तरिय समितिमा अध्यक्षले ताकेको व्यक्ति आमन्त्रित सदस्यको रुपमा रहनेछ।

**१७. नियम, कार्यविधि र निर्देशिका बनाउने अधिकारः**
यो ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि तुर्माखाँद गाउँपालिकाले आवश्यक नियम, कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ ।

**प्रमाणीकरण मिति २०८१।०३।११**

**आज्ञाले**
**चक्रदेव भट्ट**
**नि.प्रमुख प्रशासकीय अधिकृत**

तुर्माखाँद गाउँपालिका